उच्च अदालत सुर्खेत

एक न्यायाधीशको इजलास

माननीय न्यायाधीश श्री मदन पोखेल

आदेश

रिट निवेदन नं. ०८१-WO-००१९

प्रकाश बाबु ऐडी समेत..... रिट निवेदक/पक्ष

विरुद्ध

जिल्ला प्रशासन कार्यालय, सुर्खेत समेत.....प्रत्यर्थी/विपक्षी

मुद्दाः- परमादेश

नियम बमोजिम इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदन सहितको मिसिल कागजात समेतको अध्ययन गरी निवेदक प्रकाश बाबु ऐडी समेतका तर्फबाट उपस्थित निवेदक अधिवक्ता प्रकाश बाबु ऐडी तथा विद्वान अधिवक्ताहरु श्री मातृका प्रसाद खनाल, श्री हिमालय जंग शाही र श्री शेर बहादुर खत्रीले गर्नुभएको वहस समेत सुनियो।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिम परमादेश समेतको आदेश जारी हुनु पर्ने हो, होइन? आदेश जारी हुनु नपर्ने कुनै आधार, कारण र प्रमाण भए सो समेत साथै राखी प्रस्तुत आदेश प्राप्त भएको मितिले बाटाको म्याद बाहेक १५(पन्ध्र) दिनभित्र विपक्षी जिल्ला प्रशासन कार्यालय, वीरेन्द्रनगर सुर्खेतको हकमा उच्च सरकारी वकिल कार्यालय, सुर्खेत मार्फत तथा अन्य विपक्षीहरुको हकमा आफै वा कानुन बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेश गर्नु भनी रिट निवेदन र आदेशको प्रतिलिपि समेत साथै राखी विपक्षीहरुका नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परेपछी वा अवधि व्यतित भएपछि नियमानुसार गरी पेश गर्नु।

साथै अन्तरिम आदेश समेत जारी गरी पाउँ भन्ने रिट निवेदन मागतर्फ विचार गर्दा यसमा दुवै पक्ष बिच छलफल गराई अन्तरीम आदेश जारी हुने नहुने सम्बन्धमा निश्कर्षमा पुग्न उपयुक्त हुने देखिएकोले मिति २०८१।०७।२६ मा अन्तरिम आदेश सम्बन्धमा छलफलको पेशी तोकी विपक्षीहरुलाई समेत सो व्यहोराको जानकारी दिई नियमानुसार गरी पेश गर्नू।

२०८१/०८/१२

न्यायाधीश

इतिसम्बत २०८१ साल कार्तिक १२ गते रोज २ शुभम्.....